नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

## विज्ञप्ति

गृह मन्त्रालय र मिटरब्याज तथा ठगी विरुद्ध किसान मजदुर संघर्ष समितिबीच मिति २०८०/११/२८ मा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी समस्या समाधान गर्न ४ बुँदे सहमति भएको व्यहोरा विदितै छ।

मिटरब्याज सम्बन्धी उजुरी, निवेदन र पीडितहरुका गुनासा तत्काल सुनुवाई गर्न जिल्ला प्रशासन कार्यालयहरुमा अधिकृतस्तरको कर्मचारीलाई जिम्मेवारी तोकी सो सम्बन्धी विषय हेर्ने सहजीकरण डेस्क समेत स्थापना गर्न र डेस्कमा खटिने कर्मचारीहरुको विवरण (नामथर, पद, इमेल, सम्पर्क नं., मोबाइल नं., तथा अन्य सम्पर्कका माध्यमहरु) कार्यालयको वेबसाइटमा सार्वजनिक गर्न जिल्ला प्रशासन कार्यालयहरुमा पठाइसकिएको छ । साथै मिटरब्याज सम्बन्धी पीडितहरुका गुनासो तत्काल सम्बोधन गर्ने विषयमा जिल्ला प्रशासन कार्यालय तथा अन्य निकायसँग समन्वय गर्ने गरी गृह मन्त्रालयमा शाखा अधिकृत चिरञ्जीवी जि.एम.लाई मन्त्रालयको सम्पर्क व्यक्ति तोकिएको व्यहोरा सम्वद्ध सबैको जानकारीका लागि अनुरोध छ ।

मिटरब्याज (अनुचित लेनदेन) सम्बन्धी गुनासोको लागि निम्नानुसार नम्बरहरुमा सम्पर्क गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

**सम्पर्क नम्बरहरुः**

मोबाइल नम्बरः ९८५१३६०६०३ (भाइबर, ह्वास्टएप म्यासेजको लागि)

इमेलः meterbyaj@gmail.com

फोन नम्बरः ०१-४२११२५७

टोल फ्री नम्बरः १११२

नारायण प्रसाद भट्टराई
सहसचिव/प्रवक्ता

मितिः २०८०/१२/०५

ने.सं.: ११४४ चिल्लाथ्व, ९